# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४
प्रेस विज्ञप्ति नं. :४४२

मितिः २०८३।०४।०४ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

**Liquid कोकेनलाई Silicon मा मिसाई कपडाको आकारमा मिल्ने गरी ल्याएको ४.२५८ Kg कोकेन सहित २ जना बिदेशी महिलाहरु पक्राउ।**

हवाई मार्ग हुँदै नेपाल आउने बिदेशी नागरिकहरुको Profiling गरी शंकित ब्यक्तिहरुको निग्रानी गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरोवाट खटिएको प्रहरी टोलीले मिति २०८३।०३।३१ गते कतार एयरवेजको उडान नं. QR ६४६ द्वारा Colombia बाट Doha हुदै काठमाडौं आएकी Colombian नागरिकलाई जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. १६ ठमेल स्थितमा फेला पारी खानतलासी गर्दा निजले साथमा ल्याएको सुटकेसभित्र फल्स वटम बनाई ब्लाङकेट, म्याट, ज्याकेट, एप्रोन र नेक पिलो भित्र Silicon मा मिसाई लुकाई राखेको अबस्थामा लागु औषध कोकेन ४ किलो २५८ ग्राम सहित पक्राउ गरिएको।

साथै थप अनुसन्धानको सिलसिलामा Colombian नागरिकको साथवाट बरामद कोकेन लिन भारतको मणिपुरवाट काठमाण्डौ आएकी भारतीय महिलालाई समेत मिति २०८३।०४।०३ गते पक्राउ गरि यस कार्यालयवाट आबश्यक अनुसन्धान भई रहेको।

**निम्न :**

❖ **पक्राउ प्रतिवादीहरुको विवरण :**

१. Colombian नागरिक पासपोर्ट नम्वर AY 959080 बाहक बर्ष ६२ की YONETH GARZON CAICEDO.
२. भारत SENAPATI 795104, MANIPUR ठेगाना भएकी बर्ष ३७ की REBECCA PULLE.

❖ **बरामद दशी (सामानहरु) को विवरण :**

१. लागु औषध कोकेन ४ किलो २५८ ग्राम (Silicon सहित)
२. पासपोर्ट थान १
३. भारतीय निवार्चन आयोगको कार्ड थान १
४. अमेरिकन डलर $ 200
५. मोवाईल थान ४
६. सुटकेस थान १

**नोट :-**

अन्यत्र मुलुकबाट नेपालमा कोकेन लुकाई ल्याएको अहिले सम्मको Trend हेर्दा Liquid कोकेन Silicon सँग मिश्रण गरी कपडाको आकार र साईजमा तयार पारी ल्याएको यो नबिनतम लुकाउने बिधि भएको देखिन्छ।



लागु औषध कोकेन

सह - प्रवक्ता
(जिवन निरौला)
प्रहरी नायव उपरीक्षक